## कीर्तिपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कीर्तिपुर, काठमाडौ

# सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति :२०७६/१०/१४)

यस नगरपालिकाको लागि तपसिल अनुसारका सामानहरु सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ८४ अनुसारको सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले सम्बन्धित इच्छुक उद्योग र फर्म/कम्पनी/सप्लार्यसले फर्म दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणपत्र, गत आ.व.को कर चुक्ता प्रमाणपत्र र व्यवसाय दर्ता प्रमाणपत्र भएका फर्महरुबाट निम्न बमोजिमका उल्लेखित शर्तहरुको अधिनमा रही यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सिलबन्दी दरभाउपत्र पेश गर्न हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१.सिलबन्दी दरभाउपत्र साथ जमानत वापत कबोल गरेको रकमको २.५ प्रतिशतले हुन आउने रकम यस नगरपालिकाको कृषि विकास बैंक, कीर्तिपुर शाखाको खाता नं. ०२१११०००४७२७७०११ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा जारी गरेको कम्तीमा ७५ दिन म्याद भएको (दरभाउपत्र बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैंकबाट बैंक जमानत संलग्न भएको हुनु पर्नेछ।

२. दरभाउपत्र दाताले कबोल गरेको दर रेट अंक अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ। र फरक परेमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ।

३. प्रत्येक सिलबन्दी दरभाउपत्र दाताले दरभाउपत्र फारममा उल्लेखित शर्तको पूर्णरुपले पालना गर्नु पर्नेछ।

४. दरभाउपत्र दाताले दरभाउपत्र खरिद गर्दा सम्वन्धित कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लागेको दरभाउपत्र फारम मात्र खरिद गर्नु पर्नेछ। साथै रीत नपुगेको र म्याद नाघी आएको वा कुनै किसिमको शर्त राखी प्राप्त हुन आएको सिलबन्दी दरभाउपत्र माथि कुनै कारबाही गरिने छैन।

५. खरीद गरिने सामानहरु दरभाउपत्र फारम साथ रहेको स्पेशिफिकेशनमा उल्लेखित मापदण्ड अनुसारका हुनु पर्ने छ। यदि स्पेशिफिकेशनमा उल्लेख गरे अनुसार नभएमा उक्त सामानहरु स्वीकार गरिने छैन।

६. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन र समयमा दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोलिनेछ।

७. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन २०७६ सहित) तथा प्रचलित नेपाल कानुन अनुसार हुने छ।

८. दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

९. अन्य थप केही कुराहरु बुझ्न परेमा यस नगर कार्यपालिकाको कार्यालय, कार्यालय समय भित्र कार्यालयको फोन नं. ९८४१२७०८६५, ९८४१३२९६०९ वा ईमेल ठेगाना ict.munkirtipur@gmail.com वा वेवसाईट www.kirtipurmun.gov.np मा सम्पर्क गर्न सकिनेछ।

| क.सं. | ठेक्का नं. | सामग्रीको विवरण | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति, समय र स्थान | दरभाउपत्र दर्ता गर्ने र खोल्ने मिति समय र स्थान | दरभाउपत्र फारम खरिद मूल्य |
|---|---|---|---|---|---|
| १ | KRM ३०/ २०७६/०७७ | Sanitory pad Vending machine and Sanitary Napkin Incinerator (दरभाउपत्रमा उल्लेख भएको स्पेसिफिकेशन बमोजिम) | प्रथम पटक प्रकाशित मितिले १५ दिनभित्र। की.न.पा. कार्यालय (कार्यालय समय भित्र) | १६औं दिन, दिनको १२ :०० बजे सम्मदर्ता गर्ने र सोही दिनको साँझ ३:०० बजे की.न.पा कार्यालयमा खोलिने | रु.१०००। |
| २ | KRM ३१/ २०७६/०७७ | Sanitory pad (दरभाउपत्रमा उल्लेख भएको पेसिफिकेशन बमोजिम) | प्रथम पटक प्रकाशित मितिले १५ दिनभित्र। की.न.पा. कार्यालय (कार्यालय समय भित्र) | १६औं दिन, दिनको १२ :०० बजे सम्मदर्ता गर्ने र सोही दिनको साँझ ३:०० बजे की.न.पा कार्यालयमा खोलिने | रु.१०००। |